नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं चैत्र २९ गते २०११ साल

भाग २

अर्थ मन्त्रालयको सूचना

संख्या अर्थ १।२०९ ९९–१२–०११

मोहरुलगत दरबन्दी भई रहेको ठाउँमा भारतीय रुपैयाँ तलब पाउने गरी आ-एका सरकारी कर्मचारीहरुलाई यही चैत्र मैनादेखि निम्नहरुले पाउने मासिक तल-बको सयकडा ५० हाराहारी सयकडा मोद १५० एकसय पचासका दरले दिने निर्णय भएकोले सोहीबमोजिम गर्नु गराउनु होला।

आज्ञाने—

चूडानन्द वैद्य,

का. मु. सेक्रेटरी—अर्थमन्त्रालय,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अर्थमन्त्रालय (आय–विभागको सूचना

११ गृ. वि. ८३। ८२१६ २६–१२–०११

मनोरन्जन कर असुल गर्ने बारे श्री ५ महाराजाधिराजबाट हुकुम् बक्से-बमोजिम अब उप्रान्त निम्नलिखित नियम जारी गरिएकोछ, सम्बन्धित अड्डा-खानाहरूले सोहीबमोजिम गर्नु गराउनु होला।

"मनोरन्जनकर १५।१५ दिनको पटक गरी अर्थात् हरेक महीनाको १ गते देखि १५ गते सम्मको १८ गते सम्ममा र १६ गते देखि मसान्त सम्मको अर्को महीनाको ३ गते सम्ममा सदरकाले मुलुकिखानामा र मोफसलकाले मालमा बुझाउनु पर्छ, सो १८ गते वा ३ गते नाघे पछि सात दिन सम्ममा बुझाए ब्याज-बापत ब १ को शयकडा १० का दरले जति दिन म्याद नघाएको छ उति दिनको पर्न आउने ब्याज जति जरीवाना हुने र सो ३।७ दिन समेत गरी जम्मा १० दिन सम्म (अर्थात् २५ गते र १० गते सम्म) पनि नबुझाए विगोबमो-जिम दण्ड हुनेछ, त्यसको पनि सात दिन अर्थात् १७ दिन सम्म पनि बुझाउन नसके हल बन्दगरी भई रहेका ऐन सवाबबमोजिम लिलाम बिक्री गरी असुल उपर गर्ने र लाइसेन्स समेत क्यान्सेल (खारेज) गरिनेछ।

आज्ञाले—

चूडानन्द वैद्य, का. मु. सेक्रेटरी—अर्थमन्त्रालय.

अर्थमन्त्रालय (आय–विभागको सूचना

११ गृ. वि. ८६।८२२६ २६–१२–०११

"एक व्यक्तिले नगदी (सिक्का) मोरु. ५०। पचास भन्दा बढी हवाईजहाज-बाट लान नपाउने" भनी श्री ५ महाराजाधिराजबाट हुकुम बक्सेको हुनाले यो सूचना प्रकाश गरिएकोछ। सम्बन्धित अड्डाखानाले सोहीबमोजिम गर्नु गराउनु होला।

आज्ञाले—

चूडानन्द वैद्य, का. मु. सेक्रेटरी—अर्थमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।